नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरवार, काठमाडौं

फोन { ४२००३०९ ४२००२८१

(संघीय मामिला शाखा)

पत्र संख्या:- ०७५/०७६

चलानी नं.:- ८२

मिति: २०७५/०६/१४

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू
गाउँपालिका (सबै) ।
नगरपालिका (सबै) ।

विषय:- नमूना कानून सम्बन्धमा ।

नेपालको संविधानको धारा २९५ बमोजिम गठित गाउँपालिका तथा नगरपालिकाको निर्वाचन सम्पन्न भई जनप्रतिनिधि सहितको स्थानीय शासनको अभ्यास भएको १ वर्ष भन्दा बढी भईसकेको छ । नेपालको संविधानको धारा २२६(१) बमोजिम गाउँ सभा तथा नगर सभाले संविधानको अनुसूची-८ मा उल्लेखित विषयमा आवश्यक कानून बनाई कार्य संचालन गर्नुपर्ने संवैधानिक व्यवस्था रहेको एवं स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने कानूनी व्यवस्था समेत रहेको छ । उक्त व्यवस्था बमोजिम गाउँपालिका तथा नगरपालिकाको अधिकारक्षेत्र भित्रका कानून निर्माणमा सहजीकरण गर्ने प्रयत्न स्वरुप नेपाल सरकारले विभिन्न नमूना कानूनहरुको ढाँचा उपलब्ध गराई सहयोग गर्दै आईरहेको छ । यसरी यस मन्त्रालयबाट उपलब्ध नमूना कानूनको ढाँचा बमोजिम गाउँपालिका तथा नगरपालिकालले आफुलाई अनुकुल हुनेगरी आवश्यक परिमार्जन सहित सभाबाट कानून निर्माण तथा स्वीकृत गरी कार्यान्वयन गरेको देखिन्छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२(४) मा गाउँपालिका तथा नगरपालिकाले तर्जुमा गरेको कानून नेपाल सरकारमा पठाउनु पर्नेछ भन्ने बाध्यात्मक कानूनी व्यवस्था रहेको छ । सो व्यवस्था बमोजिम गाउँपालिका तथा नगरपालिकाको सभाबाट स्वीकृत भएका सम्पूर्ण ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड देहायनुसारको तालिका बमोजिम विवरण उल्लेख गरी सो को सक्कल प्रति सात दिन भित्र यस मन्त्रालयमा आईपुग्ने गरी पठाउनु हुन मिति २०७५/६/११ को नेपाल सरकार, सचिवस्तरीय निर्णयानुसार अनुरोध छ ।

यसै सन्दर्भमा नवगठित गाउँपालिका तथा नगरपालिकाबाट सम्पादन गरिने कार्यहरुमा अधिकत्तम सहजीकरण गर्ने यस मन्त्रालयको विगत देखिको प्रयत्नलाई अझ बढी कार्य उन्मुख गर्ने उद्देश्यले गाउँपालिका तथा नगरपालिकाहरुलाई अब कस्तो प्रकारको कुन विषयगत क्षेत्रमा नमूना कानून

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं
(संघीय मामिला शाखा)

फोन { ४२००३०९, ४२००२८१

पत्र संख्या:-

चलानी नं.:-

लगायतका नीतिगत सहजीकरण आवश्यक छ सो सम्बन्धमा त्यस गाउँपालिका तथा नगरपालिकाको सुझाव समेत सात दिन भित्रै उपलब्ध गराईदिनुहुन निर्णयानुसार अनुरोध छ ।

**देहाय:**

१. सभाबाट स्वीकृत कानूनहरुको विवरण:

| क्र.सं. | .....गाउँपालिका/नगरपालिकाको सभाबाट स्वीकृत कानूनहरुको विवरण | | | | | |
|---|---|---|---|---|---|---|
| | ऐन | नियम | निर्देशिका | कार्यविधि | मापदण्ड | कैफियत |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

२. मन्त्रालयले नमूना उपलब्ध गराउनुपर्ने गाउँपालिका तथा नगरपालिकाका लागि थप आवश्यक कानूनको विवरण:

| क्र.सं. | .....गाउँपालिका/नगरपालिकालाई आवश्यक रहेका कानूनहरुको नाम | | | | | |
|---|---|---|---|---|---|---|
| | ऐन | नियम | निर्देशिका | कार्यविधि | मापदण्ड | कैफियत |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

(दुर्गा दाहाल)
शाखा अधिकृत

बोधार्थ:
श्री सूचना तथा प्रविधि शाखा: यो पत्र मन्त्रालयको Website मा Upload गरिदिनुहुन ।